# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
# पुल्चोक, ललितपुर

प्रेस विज्ञप्ति

प्रकाशित मिति: २०७९/११/५

भारत ,उत्तर प्रदेश राज्य ,जिल्ला देवरिया थाना भटनी ग्राम पञ्चायत रामपुर,पोष्ट अफिस भटनीगाँउ रामपुर घर भई हाल जिल्ला काठमाडौं कागेश्वरी मनहरा न.पा. वडा न.०९ गोठाटार काँडाघारी बस्ने राम नाथ सिंहको छोरा बर्ष ४४ को सुनिल कुमार सिंहले विभिन्न आपराधिक क्रियाकलापमा संलग्न रही गैह्र कानूनी तवरले ठुलो परिणाममा सम्पत्ति आर्जन गरी सो सम्पत्ति शुद्धीकरण समेत गरेको भन्ने व्यहोराको प्राप्त उजुरी उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादी सुनिल कुमार सिंह उपर संगठित रुपमा मानव अपहरण तथा शरीर बन्धक, शरीर बन्धक अवैध हातहतियार, र झुठ्ठा विवरण पेश गरी नेपाली नागरिकताको प्रमाण पत्र तथा राहदानी लिएको समेतका सम्पत्ति शुद्धीकरण निवारण प्रयोजनार्थ सम्बद्ध कसुर मुद्दामा विभिन्न मितिमा सजाय हुने ठहरी फैसला भएको देखियो ।

प्रतिवादी सुनिल कुमार सिंह र निजकी श्रीमती एवं प्रतिवादी मिना कार्कीले नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा १८ वटा खाताहरु सञ्चालन गर्नुका साथै प्रतिवादीहरुले झापा, सुनसरी र भक्तपुरमा विभिन्न स्थानमा जग्गा जमिन खरिद विक्रीको कारोवार समेत गरी उल्लेखित सम्बद्ध कसुरहरुबाट प्राप्त सम्पत्तिको गैरकानूनी स्रोत (Illicit origin) लुकाउने एवम् छल्ने, कसूरबाट प्राप्त सम्पत्ति (Proceeds of Crime) हो भन्ने जानी जानी त्यस्तो सम्पत्तिको सहि प्रकृति, स्रोत अधिकार एवम् स्वामित्व (श्रीमती मिना कार्कीको नामबाट कारोबार) परिवर्तन गर्ने लगायतका सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क)(ख)(ग) ले निषेधित कार्यहरु गरी गराई सोही ऐनको दफा ३ को उपदफा (३) बमोजिमको सम्पत्ति शुद्धीकरणको कसूर गरेको पुष्टि भएको देखिँदा प्रतिवादी सुनिल कुमार सिंहलाई **कूल बिगो रु. १,५५,७६,५७८.८४ (एक करोड पचपन्न लाख छयत्तर हजार पाँच सय अठहत्तर रुपैयाँ चौरासी पैसा)** कायम गरी र प्रतिवादी मिना कार्की उपर **कूल बिगो रु. १,६०,८५,४२०.२५ (एक करोड साठी लाख पचासी हजार चार सय बिस रुपैयाँ पच्चिस पैसा)** कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम सजाय हुनका साथै, कसूरबाट प्राप्त एवम् शुद्धीकरण गरेको सम्पत्ति जफत गरी पाउन मागदावी लिई सम्पत्ति शुद्धीकरणको कसुरमा मिति २०७९/१०/०४ गते सम्मानित विशेष अदालत काठमाडौं समक्ष अभियोग पत्र दायर गरिएको छ ।

साथै, यस विभागबाट चालु आ.व. २०७९/८० हालसम्म सम्पत्ति शुद्धीकरणको कसुरमा दर्ता भएका मुद्दाहरुको विवरण यसप्रकार रहेको छ ।

| सि.नं. | प्रतिवादीको नामथर र टेगाना | सम्बद्ध कसुर | वीगो रकम | दायर मिति |
|---|---|---|---|---|
| १ | श्याम परदेशी भन्ने श्याकृष्ण शाह | ठगी समेत | ३२०९२६५८।- | २०७९/४/२० |
| | मंजु देवी | | ६५६५३५५।१५ | |
| २ | कल्पना घलान | लागुऔषध | १०३५२४०।- | २०७९/४/२९ |
| | सानुकान्छा योन्जन | | | |
| ३ | इच्छाराज तामाङ | ठगी तथा संगठित अपराध | ३३१८५९२९४२। | २०७९/५/१६ |
| | सृजना शाक्य | | १३०९३९५८०२। | |
| | प्रतिक्षा तामाङ | | ६४७४६२५०। | |
| | प्रतिष्ठा तामाङ | | १८९१८६४६। | |
| | केशवलाल श्रेष्ठ | | २६६१४५५३०। | |
| ४ | शिवनाथ यादव | तस्करी/मुद्रा तथा बैकिङ | ३१८९०००।- | २०७९/६/६ |
| | सुभाष कुमार श्रेष्ठ | | ३१८९०००।- | |
| ५ | सुरेन्द्रबहादुर सिंह | विदेशी विनिमय अपचलन लगायत | २७६७७८६५६।०१ | २०७९/७/१५ |
| | शारदा देवी सिंह | | देवानी दायित्व मात्र | |
| | जयन्ति थापा (मतियार) | | | |
| ६ | चित्रबहादुर पुन | हुण्डि समेत | ८००००००।- | २०७९/१०/३ |
| | ममता बुढाथोकी | | देवानी दायित्व मात्र | |
| ७ | सन्दीप कौशल र देवीप्रसाद कौशल | राजश्व समेत | ४५७९५८५।०३ | २०७९/१०/३ |
| | तिलकराम गिरी | | ३९०००००।- | |

२०७९।११।०५

सूचना अधिकारी